# यूहन्नाको सुसमाचार



Johns Gospel
CC 2320
Nepali

# अध्ययन सहयोगीः
# यूहन्नाको सुसमाचार

**Study Guide:**
**JOHN**

---


लेखकः रेक्स ज्याक्सन

अनुवादकः बाल कृष्ण शर्मा



आई सी आई युनिभर्सिटी
पो. ब. नं. ४२४५
काठमाण्डौ नेपाल

प्रकाशक

आई सी आई युनिभर्सिटी
पो. ब. नं. ४२४५
काठमाण्डौ नेपाल

© १९९८ सर्वाधिकार सुरक्षित
आई सी आई युनिभर्सिटी
काठमाण्डौ, नेपाल

प्रतिः २०००

Published by
ICI University
P. o. Box 4245
Kathmandu, Nepal

Study Guide: John
First Edition, 1998

# विषय सूची


| पाठ | | पृष्ठ |
|---|---|---|
| आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौं | | ५ |
| १ | यूहन्ना १ | १० |
| २ | यूहन्ना २ | २८ |
| ३ | यूहन्ना ३ | ३४ |
| ४ | यूहन्ना ४ | ४२ |
| ५ | यूहन्ना ५ | ४८ |
| ६ | यूहन्ना ६ | ५४ |
| ७ | यूहन्ना ७ | ६६ |
| ८ | यूहन्ना ८ | ७८ |
| ९ | यूहन्ना ९ | ८६ |
| १० | यूहन्ना १० | ९२ |
| ११ | यूहन्ना ११ | १०० |
| १२ | यूहन्ना १२ | ११० |
| १३ | यूहन्ना १३ | १२२ |
| १४ | यूहन्ना १४ | १३० |
| १५ | यूहन्ना १५ | १३६ |
| १६ | यूहन्ना १६ | १४४ |
| १७ | यूहन्ना १७ | १५२ |
| १८ | यूहन्ना १८ | १६२ |
| १९ | यूहन्ना १९ | १७४ |
| २० | यूहन्ना २० | १८४ |
| २१ | यूहन्ना २१ | १९४ |

# आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौं

**तपाईंका अध्ययन सहायक लेखकका तर्फबाट दुइ शब्द**

झण्डै २००० वर्ष पहिले जन्मनुभएका व्यक्तिका बारेमा यो पाठ्यपुस्तक लेखिएको छ। तपाईंले किन यसलाई अध्ययन गर्नुपर्छ? यसले तपाईंको जीवनलाई कसरी प्रभाव पार्न सक्छ? यी पाठहरूले तपाईंलाई कसरी सहायता पुऱ्याउन सक्छन्? तपाईंको धर्म जुनसुकै भए तापनि येशूको बारेमा केही कुरा जान्नु तपाईंका निम्ति आवश्यक छ– उहाँको जीवन, उहाँका शिक्षाहरू, र उहाँका दाबीहरू।

के तपाईंले आफ्नो जीवनमा नयाँ शक्ति र आनन्दको स्रोतलाई हेरिराख्नुभएको छ? तपाईंले यसलाई यी पाठहरूमा भेट्टाउन सक्नुहुन्छ। धेरै वर्ष पहिले लेखिएको असल समाचार बीसौं शताब्दीका समस्याहरूका निम्ति अझै उत्तम समाधानका रूपमा उपलब्ध छ। के तपाईं आफ्नो आत्मिक जीवनमा वास्तविकता भेट्टाउन चाहनुहुन्छ? वा के तपाईं आफ्नो विश्वासलाई बलियो पार्न चाहनुहुन्छ? वा परमेश्वरलाई अझै राम्रोसँग चिन्न चाहनुहुन्छ?

यस अध्ययन सहयोगीमा उल्लेखित निर्देशनहरूलाई यदि तपाईंले पछ्याउनुभयो भने तपाईंले खोज्नुभएको कुरालाई भेट्टाउनुहुनेछ। स्वयम्-शिक्षणको आधुनिक प्रणालीले सिद्धान्तहरूलाई सजिलैसँग सिक्न र तिनीहरूलाई तुरुन्तै व्यवहारमा प्रयोग गर्नका लागि तपाईंलाई सहयोग पुऱ्याउनेछ

## तपाईंको अध्ययन सहयोगी

*अध्ययन सहयोगीः यूहन्नाको* सुसमाचार भनिने यो पुस्तक पकेट आकारको कार्य-पुस्तक हो। तपाईं जहाँसुकै जानुहुँदा पनि यस पुस्तकलाई साथमा लैजान सक्नुहुन्छ र पाँच, दश मिनेट फुर्सत पाउनुहुँदा यसलाई अध्ययन गर्न सक्नुहुन्छ। प्रत्येक दिन केही समय यस पुस्तकको अध्ययनको निम्ति छुट्ट्याउनुहोस्। यदि तपाईंले यो पुस्तकलाई समूहमा अध्ययन गर्नुभएको छ भने तपाईंको समूहका अगुवाको निर्देशन पालन गर्नुहोस्।

## अध्ययन प्रश्नहरूलाई कसरी उत्तर दिने

यस अध्ययन पुस्तिका सहायकमा विभिन्न किसिमका अध्ययन प्रश्नहरू समावेश गरिएका छन्। तल विभिन्न उदाहरणसहित कसरी उत्तर दिनुपर्छ सो उल्लेख गरिएको छ।

***ठीक उत्तर*** चुन्नुपर्ने प्रश्नले तपाईंलाई दिइएका विभिन्न उत्तरहरूबाट ठीक उत्तर चुन्न लगाउँछ।

*ठीक उत्तर चुन्ने प्रश्नको उदाहरण*

**१** बाइबलका कतिओटा पुस्तकहरू छन्?

**क** १०० पुस्तकहरू
**ख** ६६ पुस्तकहरू
**ग** २७ पुस्तकहरू

ठीक उत्तरचाहिँ ६६-*वटा पुस्तकहरू हो।* यहाँ तल देखाइएको जस्तै तपाईंको अध्ययन सहायक पुस्तिकामा **ख.**-को वरिपरि घेरा लगाउनुहोस्।

१ बाइबलमा कतिवटा पुस्तकहरू छन्?

**क** १०० पुस्तकहरू

**(ख)** ६६ पुस्तकहरू

**ग** २७ पुस्तकहरू

(कुनै-कुनै ठीक उत्तर चुन्ने प्रश्नमा एकभन्दा बढ़ी उत्तरहरू ठीक हुन सक्छन्। यदि यस्तो छ भने ठीक उत्तरको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।)

***ठीक-बेठीक*** प्रश्नहरूले तपाईंलाई दिइएका वाक्यहरूबाट कुन-कुन ठीक हुन् सो छान्न लगाउँछ।

***ठीक-बेठीक प्रश्नको उदाहरण***

२ तल दिइएका कुन-कुन बयानहरू ठीक छन्?

**क** बाइबलमा जम्मा १२०-वटा पुस्तकहरू छन्।

**(ख)** बाइबल आजका विश्वासीहरूका निम्ति परमेश्वरको सन्देश हो।

**ग** बाइबलका लेखकहरू सबैले हिब्रू भाषामा लेखे।

**(घ)** बाइबल लेख्ने व्यक्तिहरूलाई पवित्र आत्माले प्रेरणा दिनुभएको थियो।

माथि दिइएका बयानहरूमध्ये **ख.** र **घ.** ठीक छन्। माथि देख्नुभएजस्तै तपाईंले छान्नुभएका दुइ अक्षरहरूमा घेरा लगाउनुहोस्।

***जोड़ा मिलाउने*** प्रश्नले तपाईंलाई दिइएका मिल्दोजुल्दो कुराहरूबाट ठीक कुरा मिलाउन लगाउँछ। जस्तै: नामहरूसँग वर्णन अथवा बाइबलका पुस्तकहरूसँग तिनीहरूका लेखकहरूको जोड़ा मिलाउन सकिन्छ।

*जोड़ा मिलाउने प्रश्नको उदाहरण*

**३** प्रत्येक बयानको अगाड़ि अगुवाले गरेको कामको वर्णनमा उसको संख्या लेख्नुहोस्।

**क** सिनै पर्वतमा व्यवस्था पाएको — १. मोशा
**ख** इस्राएलीहरूलाई यर्दन नदी पार गराएको — २. यहोशू
**ग** यरियो शहरको वरिपरि घुमेको
**घ** फारो राजाको दरबारमा बसेको

**क.** र **घ.**-मा दिइएको बयान *मोशाको* जीवनसँग र **ख.** र **ग.**-मा भएको बयान *यहोशूसँग* मिल्छ। माथि देखाएजस्तै तपाईंले १. संख्या **क.** र **घ.**-को पछाड़ि र २. संख्या **ख.** र **ग.**-को पछाड़ि लेख्न सक्नुहुन्छ।

## तपाईंको विद्यार्थी प्रतिवेदन

यदि तपाईंले प्रमाणपत्र प्राप्त गर्नको निम्ति अध्ययन गरिरहनुभएको छ भने तपाईंले *विद्यार्थी प्रतिवेदन* प्रश्न पुस्तिका भन्ने छुट्टै पुस्तक पाउनुभएको होला। यस पुस्तिकामा दुइ खण्डहरू छन्। प्रत्येक खण्डलाई कहिले भर्नुपर्छ भनी तपाईंको अध्ययन सहायक पुस्तिकाले बताउँछ।

आई सी आई कार्यालयमा पठाउनको निम्ति दिइएको स्थानीय ठेगानाको प्रयोग गर्नुहोस्। यस पाठको समाप्तिमा तपाईंलाई सुन्दर प्रमाणपत्र पठाइनेछ।

**लेखकको बारेमा**

रेक्स ज्याक्सन सेन्ट्रल बाइबल कलेज, स्प्रीङ्गफिल्ड मिसौरीमा विद्यार्थी हुनुहुन्थ्यो र उहाँले त्यहाँबाट स्नातक डिग्री र कनवास सिटी युनिभर्सिटी मनहाटनबाट विज्ञानमा एम.एस.सी. प्राप्त गर्नुभएको छ। पत्रकारीतामा पि.एच.डी. प्राप्त गर्नका लागि उहाँ अध्ययनरत हुनुहुन्छ।

श्री ज्याक्सनले नाइजेरियामा २५ वर्ष मिशनरीको काम गर्नुभएको छ। उहाँले एकलेसिया सम्बन्धित धेरै किसिमका साहित्य लेख्नुभएको छ, यीमध्ये *अध्ययन सहयोगीः यूहन्नाको सुसमाचारलाई* आई सी आईमा प्रयोग गरिएको छ।

अब तपाईं पाठ १ शुरू गर्नका लागि तयारी हुनुभएको छ। तपाईंको अध्ययनमा परमेश्वरले तपाईंलाई आशिष् देऊन्।